PRESS RELEASE

**नेपाल प्रहरी प्रधान कार्यालय**
**मानव बेचबिखन अनुसन्धान ब्यूरो**
बबरमहल, काठमाण्डौ।
मिति: २०८०/०४/०८ गते।
आ.व.०८०/०८१

फोन: ०१-५३३९५६९
०१-५३४११७७

# प्रेस विज्ञप्ति-१४

# Press Release-14

## अमेरिका पठाउने भनी मानव बेचबिखन तथा ओसारपसारमा आरोपमा व्यक्ति पक्राउ ।

### घटना विवरण:-

सुन्दर भविष्य र सुविधा सम्पन्न जीवनशैली उपलब्ध हुने लोभ लालच र भ्रममा पारि अवैधानिक बाटो हुदै अमेरिका लगिदिने भनी धेरै जना नेपालीहरुलाई अन्यत्र देशमा लगी अलपत्र पार्ने ,बन्धक बनाई यातना दिने र फिरौती लिने जस्ता आपराधिक कार्य गर्ने, गरेको आरोपमा जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.२७ स्थायी वतन भई हाल जिल्ला काठमाण्डौ का.म.पा. वडा नं.८ गुह्येश्वरी पन्चकन्या मार्गमा डेराकोठा लिई बस्ने वर्ष ३४ को कमल तामाङलाई यस कार्यालयबाट खटिई गएको प्रहरी टोलीले मिति २०८०।०४।०७ गते जिल्ला काठमाण्डौ,का.म.पा. वडा नं.८ बाट पक्राउ गरी सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट म्यादथप अनुमती लिई थप अनुसन्धान भई रहेको।

### पक्राउ व्यक्ति



**अनुसन्धानका क्रममा खुलेको थप बिबरण:**

- प्रतिवादी कमल तामाङ समेतको विरुद्मा अमेरिका लैजाने भनि मानव बेचबिखन तथा ओसारपसार अपराध गरेको कसुरमा ४ वटा जाहेरी दरखास्त परेको ।
- प्रतिवादी कमल तामाङ समेतले हवाई मार्ग हुदै अमेरिका लैजाने प्रलोभन देखाई जनही रु.११,३०,०००।–(एघारलाख तिस हजार) देखी रु.६०,००,०००/-(साठी लाख) रुपैया सम्म रकम लिई हालसम्म पीडितहरुबाट जम्मा २,२६,२३,८९०/-(दुई करोड छब्बिस लाख तेईस हजार आठसय नब्बे) रुपैया लिएको देखिएको ।
- नेपालबाट अमेरिका लैजाने भनि भारतको नयाँदिल्ली,श्रीलंका,दुबई,सिंगापुर,फिलिपिन्स,थाईल्याण्ड,लाओस र जाम्बिया लगाएतका देशहरुमा पुऱ्याई अलपत्र पारि थप रकम माग गर्ने गरेको ।
- अमेरिका लैजाने भनी नेपाली नागरिकलाई अवैध रुपमा ओसारपसार गर्ने कार्यमा संलग्न अधिकांश प्रतिवादीहरु नेपालीनै भएको र निजहरु नेपाल तथा अन्य देशहरुमा बसी आ-आफ्नो जिम्मेवारी वाँडफाड गरी संगठित रुपमा परिचालित हुने गरेको
- अमेरिका लैजाने वहानामा हुने मानव बेचबिखन ओसारपसार अपराधको जोखिममा १६ वर्ष उमेर देखी ५० वर्ष उमेर समुहका पुरुषहरु रहेको ।
- अमेरिका जाने भनी मानव ओसारपसारमा परेका पीडितहरुले नै राहदानी,भिसा, हवाई टिकट,होटल बुकिङ लगाएतको खर्च आफैले गर्ने गरेको गरेको ।
- अमेरिका लैजाने भनी हुने गरेको मानव ओसारपसारमा भिजिट भिसाको दुरुपयोग हुने गरेको
- घटनामा अन्य व्यक्तिहरुको संलग्नता रहेको बुझिन आएकोले निजहरुको खोजतलास तथा थप अनुसन्धान कार्य भईरहेको ।

**थप जानकारीको आवश्यक परेमा यस कार्यालयमा सूचना अधिकारीलाई सम्पर्क गर्न हुन अनुरोध**

प्रवक्ता
(नरहरी रेग्मी )
प्रहरी उपरीक्षक
सम्पर्क नं:-९८५१२८१२९०

मितिः- २०८०।०४।०८ गते।